१८३५/३६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १५८/०७३/७४

निर्णय नं. ३६

जिल्ला रौतहट, शितलपुर गा.वि.स वडा नं. ७ बस्ने शम्भु गिरी ..................................१ पुनरावेदक

विरूद्ध

गा.वि.स. सचिव, सितलपुर गा. बि. स., रौतहट ......................................................१ विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला रौतहट, शितलपुर गा.वि.स वडा नं. ७ बस्ने वर्ष ४४ का शम्भु गिरीले गा.वि.स.कार्यालय सितलपुरका सचिव गोबिन हजरा समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।२८ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी गा.वि.स. सचिव, सितलपुर गा. बि. स., रौतहटको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

### तपसिल

१. आ.ब. २०७१/०७२ र २०७२/०७३ मा नेपाल सरकारबाट सितलपुर गा.वि.स. लाई उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्ताको रकम, पुँजीगत अनुदानको रकम, सञ्चालन रकमको आम्दानी खर्चको विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल असोज ११ गते रोज ३ शुभम् ।